नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.:-२०७५/७६
च.नं.:१०२४

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)

मितिः- २०७६/०१/२५

विषयः- बेरूजु गोष्ठीमा उपस्थिति हुने बारे ।

प्रस्तुत विषयमायस मन्त्रालय र अन्तर्गत रहेको बेरुजु रकम फछ्र्यौट कार्यलाई तिब्रता दिई अभियानका रुपमा बेरुजु रकम शुन्य पार्ने सिलसिलामा मन्त्रालयबाट सातै प्रदेशमा एक/एक जना बेरुजु फछ्र्यौट सहजकर्ताहरुलाई २०७५ चैत्र १ गते देखि २०७६ जेष्ठ मसान्त सम्मका लागि करारमा लिई एल.जि.सि.डि.पि.का प्रादेशिक सहयोग इकाई कार्यालयहरुमा पठाई सम्बन्धित प्रादेशिक बेरुजु फछ्र्यौट सहजकर्ताबाट प्रदेश अन्तर्गतका सवै जिससहरुमा सम्पर्क गरी बेरुजु प्रमाण जुटाउने कार्यमा आवश्यक सहयोगका लागि अनुरोध गरी सकिएको छ । सबै जिससहरुले बेरुजु प्रमाण संकलन तथा फछ्र्यौटमा सहजकर्ताहरुको सहयोग लिई बेरुजु रकम शुन्य पार्ने कार्यलाई तिब्रता दिनुहुन भनि यस मन्त्रालयको च.नं.९४४ मिति २०७५/१२/१२ को पत्र बाट लेखिपठाइएको व्यहोरा अबगत नै छ । साथै जिससहरुको आर्थिक वर्ष अनुसारको विस्तृत बेरुजु विवरण समेत बेरुजु फछ्र्यौट सहजकर्ताहरु मार्फत पठाईसकिएको छ । जिल्ला समन्वय समितिहरुले बेरुजु फछ्र्यौट सहजकर्ता समेतको सहयोगमा उल्लेख भएका बेरुजु प्रमाणहरु तथा नियमित गर्ने बेरुजुको हकमा कार्यालयको सिफारीस सहितका टिप्पणीहरु समेत नियमित गरी महालेखा परिक्षकको कार्यालयबाट संपरीक्षण तथा लगत कट्टाको लागि तपसिल बमोजिमको समय तालिका अनुसार बेरुजु संबन्धी कार्यशाला गोष्ठी आयोजना गरिएकोले अघिल्लो दिन साँझ सम्म उपस्थित भै अनिवार्य रुपमा गोष्ठीमा सहभागी हुनु हुन अनुरोध छ ।

**गोष्ठीमा सहभागी हुने पदाधिकारीहरु**

१. गोष्ठी हुने प्रदेशका जिल्ला समन्वय अधिकारीहरु ।

२. गोष्ठी हुने प्रदेशका जिल्ला समन्वय समितिका लेखा प्रमुखहरु ।

**सहभागीहरुले गोष्ठीमा ल्याउनु पर्ने प्रमाण कागजातहरुः**

१ म.ले.प.को कार्यालयलाई संपरीक्षणको लागि लेखेको पत्र सहित बेरुजु र बेरुजु प्रमाणहरु ।

२. नियमित गर्ने बेरुजुको हकमा बेरुजु र नियमित हुन सक्ने प्रमाण सहित संबन्धित जि.स.स.का लेखा प्रमुख तथा कार्यालय प्रमुखको सिफारीस सहितको टिप्पणी फाईलहरु

**नोटः- बेरुजु संपरीक्षणको पत्र र नियमित गर्ने बेरुजुको टिप्पणी मन्त्रालयले तोकेको ढांचामा ल्याउनु पर्ने छ ।**

## प्रदेशहरुमा संचालनहुने बेरुजु सम्बन्धी गोष्ठीको समय तालिका

| प्रदेश | गोष्ठी हुने स्थान | अवधि | जिसस संख्या | सम्बन्धित जिससहरु |
|---|---|---|---|---|
| सुदुर पश्चिम | धनगढी | २०७६ जेष्ठ १० देखि ११ | ९ | जिसस बैतडी,अछाम, कैलाली,दार्चुला,डोटी, बझाङ, बाजुरा, डडेलधुरा, कञ्चनपुर । |
| ५ | नेपालगञ्ज | २०७६ जेष्ठ १३ देखि १४ | ११ | जिसस. कपिलवस्तु, दाङ, नवलपरासी, रोल्पा, प्यूठान,रुपन्देही, पाल्पा, बर्दिया, बांके, अर्घाखांची, गुल्मी । |
| कर्णाली | सुर्खेत | २०७६ जेष्ठ १९ देखि २० | १० | जिसस.सुर्खेत, सल्यान, जुम्ला, रुकुम, मुगु, डोल्पा, दैलेख, हुम्ला, जाजरकोट, कालिकोट |
| गण्डकी | पोखरा | २०७६ जेष्ठ २३ देखि २४ | १० | जिसस पर्वत, तनहुं, गोरखा, कांस्की, म्यागदी, मनाङ, लमजुङ, मुस्ताङ, वाग्लुङ, स्याङ्जा । |
| ३ | धुलिखेल | २०७६ जेष्ठ २७ देखि २८ | १३ | जिसस दोलखा, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, काभ्रे, भक्तपुर, ललितपुर, काठमाडौ, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन । |
| १ | विराटनगर | २०७६ जेष्ठ ३० देखि ३१ | १४ | जिसस ताप्लेजुङ, पांचथर,इलाम, झापा, मोरङ, सोलुखुम्बु, धनकुटा, सुनसरी, भोजपुर,खोटांङ, तेह्रथुम,ओखलढुङ्गा, उदयपुर, संखुवासभा । |
| २ | जनकपुर | २०७६ आषाढ २ देखि आषाढ ३ सम्म | ८ | जिसस सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा । |

**पुनश्च** :-४. बेरुजु संबन्धी गोष्ठि विहान ९.०० बजे देखि शुरु हुनेछ ।

५. गोष्ठीका सबै सहभागीलाई खाने व्यवस्था सहित आते-जाते यातायात खर्चको व्यवस्था गरीएको छ

६. गोष्ठी संचालन हुने होटलको जानकारी पछि गराईने छ ।

लक्ष्मी प्रसाद निरौला
(उप-सचिव) (लेखा)

**बोधार्थः-**

श्री कार्यक्रम समन्वय इकाई एल.जि.सि.डी.पी :- गोष्ठीको तयारीको लागि प्रादेशिक समन्वय इकाईहरु तथा जिससहरु संग आवश्यक समन्वय तथा सहजिकरण गरि व्यवस्थापन गर्नुहुन ।

श्री एल.जि.सि.डी.पी :- प्रादेशिक इकाईहरु सबै :- जिससहरु संग आवश्यक समन्वय तथा सहजिकरण सहित माथि उल्लेखित मितिमा गोष्ठीको तयारी गर्नु हुन ।

श्री सूचना प्रविधि शाखा,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय :- **website** मा राखिदिनु हुन ।